'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या: ०८०/०८१

चलानी नम्बर: २२६५

मिति : २०८०/११/२३

श्री सम्पूर्ण वडा कार्यालयहरु,
थाहा नगरपालिका ।

विषय : मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०८० सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश निर्वाचन कार्यालय, बागमती प्रदेश, हेटौडाको प.सं. ०८०/८१ च.नं. ७१ मिति २०८०/११/२१ गतेको यस कार्यालयमा प्राप्त पत्र तथा पत्रसाथ प्राप्त Format हरु यसैसाथ संलग्न गरिएको छ । बेहोरा सोहीबाट अवगत गरी मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० को दफा ८ अनुसारको क्रियाकलाप गर्न सहयोग एवं समन्वय गरिदिनु हुन अनुरोध छ ।

.............................
(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री प्रदेश निर्वाचन कार्यालय,
बागमती प्रदेश, हेटौडा ।

निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं. ०८०।८१
च.नं. ६१

मितिः २०८०।११।२१

ने.सं. ११४४ सिल्लागा, ९ सोमवार

विषयः मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०८० सम्वन्धमा ।

श्री जिल्लास्थित सम्पुर्ण स्थानियतहहरु,

मकवानपुर ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको प.स.च.न २०८०।०८१.नामावली/६८, मिति २०८०।११।१६ को पत्रानुसार मिति २०८०/०१/१४ सम्म १८ वर्ष उमेर पुरा हुने व्यक्तिहरु समेटेर अन्तिम मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि मिति २०८०/११/२८ देखी मतदाता नामावलि अद्यावधिक कार्यक्रम सञ्चालन हुने भएकोले सो को लागि संलग्न मतदाता नामावलि अद्यावधिक तथा अन्तिम नामावलि प्रकाशन कार्यक्रम, २०८० को दफा ८ अनुसारको क्रियाकलाप गर्न सहयोग एवम समन्वय गरिदिनु अनुरोध छ । साथै कार्यक्रम तथा अनुसुचीहरुको Format यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

कार्यालयको सम्पर्क नम्बर तथा इमेल ठेगाना
०५७-५२१९८६ र email ld-ec.deo.mkpur@gmail.com

तारा प्रसाद आचार्य
नि. प्रदेश निर्वाचन अधिकारी
नि. प्रदेश निर्वाचन अधिकारी

थाहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर
दर्ता नं. २१५८
मितिः २०८०।११।२२

अनुसूची-1

**निर्वाचन आयोग**

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०**

नाम दर्ता अधिकारीको कार्यालय ........

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, 2080 सम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, 2080 देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्यसम्पादनहुनेस्थान/सम्पर्कगर्नेस्थान |
|---|---|---|---|---|
| १ | आयोगकोवेवसाइटमामतदातानामावलीप्रकाशनगर्ने | 2080/11/२८ | | https://www.election.gov.np |
| २ | मतदातानामावलीमारहेकोत्रुटिसच्याउननिवेदनदिने | 2080/11/२९ | 2080/12/0५ | अनलाइन (https://applyvr.election.gov.np)वा निर्वाचनकार्यालयवावडाकार्यालय |
| ३ | कसैले झुट्टाविवरणदिईनामावलीमानामसमावेशगरेकोभएसोकोविरोधमाउजुरीदिने | | | |
| ४ | कुनैमतदाताकोनामएकभन्दावढीस्थानमासमावेशभएकोमाएकस्थानमामात्रकायमगर्ननिवेदनदिने | | | |
| ५ | मतदातानामावलीमामृत्युभएकावानागरिकतात्यागगरेकामतदाताकोनाममतदातानामावलीबाटहटाउनकोलागिसूचनादिने | | | |
| ६ | वडाकार्यालयमादर्ताभएकानिवेदनप्राप्तगर्ने, बसाइँसरीअन्यत्रगएकावामृत्युभएकामतदाताकोविवरणस्थानीयपञ्जिकाधिकारीबाटरनागरिकतात्यागगरेकामतदाताकोविवरणजिल्लाप्रशासनकार्यालयबाटप्राप्तगर्नेरसूचना/निवेदनप्राप्तनभएतापनिकुनैमतदाताबसाइँसरीगएको, मृत्युभएको, नागरिकतात्यागवारद्दभएकोप्रमाणित विवरणप्राप्तगर्ने | 2080/11/२९ | 2080/12/0५ | निर्वाचनकार्यालयरवडाकार्यालय |
| ७ | उजुरीपरेकोमतदातालाईप्रमाणसहितसफाइकोमौकादिने | 2080/12/0६ | 2080/12/०८ | निर्वाचनकार्यालय |
| ८ | मतदातानामावलीबाटहटाउनेसम्वन्धमाआवश्यकछानवीनगरीप्रमुखनामदर्ताअधिकारीलेत्रुटिसच्याउने, नामहटाउनेलगायतकानूनबमोजिमनिर्णयगर्ने | 2080/12/09 | 2080/12/12 | निर्वाचन कार्यालय |
| ९ | नामहटाइएकोसूचनानिर्वाचनकार्यालयरसम्वन्धितवडाकार्यालयमाप्रकाशनगर्नेरफरकफरकजिल्लामादोहोरोनामपरेकोसम्वन्धमानिवेदनप्राप्तभएसोकोछुट्टैविवरणतयारगरीजिल्लामाअद्यावधिकभएकोडाटासंगैआयोगमापठाउने | 2080/12/12 | 2080/12/15 | निर्वाचनकार्यालयरवडाकार्यालय |
| १० | अन्तिममतदातानामावलीप्रकाशन गर्ने | | 2080/12/2२ | निर्वाचनआयोग |

अनुसूची-2

**निर्वाचन आयोग**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

**मतदाता नामावलीमा रहेको त्रुटि सच्याउननिवेदनदिने फारामको ढाँचा**

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषय:- **मतदाता नामावलीमा रहेको त्रुटि सच्याउननिवेदन पेश गरेको सम्बन्धमा** ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ..................................को नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावलीऐन, २०७३ को दफा १४ बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| | मतदाता नं. | नाम थर | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम | गाउँपालिका/नगरपालिका र वडा नं. | मतदान स्थल | अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| हाल त्रुटि भएको विवरण | | | | | | | | | | |
| त्रुटि सच्याउनु पर्ने विवरण | | | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | | | |

निवेदन दिनेको नाम थर ............................ दस्तखत.................... ठेगाना....................................मिति..........................

---

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर.............................................दर्जा ...................... दस्तखत .............. मिति .............

अनुसूची-३

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषय:- **झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा** ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री ..................................ले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामवलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुट्टो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नामावलीबाट नाम हटाउनु पर्ने कारण :

पेश गरेको प्रमाण :

उजुरी दिनेको नाम थर: ............................ दस्तखत............... ठेगाना.................................................मिति.................

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

## प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर..................................................दर्जा ......................... दस्तखत .............. मिति .............

अनुसूची-५

**निर्वाचन आयोग**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीबाट नाम हटाउन दिने सूचनाको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............... गाउँपालिका/नगरपालिका.............. वडा नं. ..............

विषय:- **मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा**

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेको म/मेरो ..............................(नाता) श्री ................................. विवाह/बसाइँ सराई/मृत्युभएको हुँदा निजको मतदाता नामावलीमा तपसिल बमोजिमको नाम मतदाता नामावलीबाट हटाउनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम यो सूचना दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

सूचना/निवेदन दिनेको नाम थर: ............................ दस्तखत................... ठेगाना................................................. मिति.................

---

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर............................................दर्जा ....................... दस्तखत .............. मिति ............

अनुसूची-७

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

**प्रमुख नाम दर्ता अधिकारीको कार्यालय**

...............

## मतदाता नामावलीबाट नाम हटाइएको सूचना

यस कार्यालयको मिति .............. मा प्रकाशित सूचना बमोजिम निवेदन/सूचना/उजुरी प्राप्त हुन आएको मतदाताको सम्बन्धमा जाँचबुझ गर्दा देहायका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | मतदाता नं. | नाम थर | ठेगाना | नागरिकता नं. / जारी भएको जिल्ला | जन्म मिति वा उमेर | बाबुको नाम | आमाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख नाम दर्ता अधिकारी
नाम,थर.............................

दस्तखत ..............

मिति ...............

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा**
**दफा ८ बमोजिम स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कार्यहरु**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम, २०८० को प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वडाका वडा सचिव नाम दर्ता अधिकारी हुनेछन्। तसर्थ सम्बन्धित स्थानीय तहले आफ्ना वडा सचिवलाई देहाय बमोजिमका कार्य गर्न निर्देशन तथा सहजीकरण गर्नुपर्नेछ।

क. आम नागरिकको कार्यक्रममा सहभागिता वृद्धि गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसारमा सहयोग गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

ग. आफू मातहतका वडा सचिवहरुलाई देहायको कार्य सम्पादन गर्न सहजीकरण गर्ने,

- अनुसूची-१ बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- अनुसूची-१ बमोजिम हुने कार्यक्रम सञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरुले पेश गरेका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने,
- दर्ता हुन आएका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- आफ्नो वडामा दर्ता हुन आएका मृत्यु, बसाइँ सराई सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरु आफ्नो कार्यालयको सूचना पाटिमा टाँस गर्ने व्यवस्था मिलाउने,
- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा तोकिएका अन्य कार्यहरु गर्ने।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref: २०८०/०८१/६८ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मिति : २०८०/११/१६

नेपाल संवत् ११४४ सिल्लागा, ४ बुधबार

श्री प्रदेश निर्वाचन कार्यालय, सबै ।
श्री जिल्ला निर्वाचन कार्यालय, सबै ।

विषय : मतदाताको उमेर अठार वर्ष पुग्ने मिति (Cut-off date) निर्धारण तथा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

आयोगको मिति २०८० फागुन १३ गतेको निर्णय बमोजिम इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर १ मा रिक्त प्रदेश सभा सदस्य पदमा आयोगबाट मिति २०८१ वैशाख १५ गते उपनिर्वाचन गर्नेगरी मिति तोकिएको छ। उपनिर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गर्न मतदाताको उमेर अठार वर्ष पुग्ने निर्दिष्ट मिति (Cut-off date) निर्धारण तथा मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सञ्चालन गर्ने सम्बन्धमा आयोगबाट मिति २०८० फागुन १६ मा देहाय बमोजिम निर्णय भएकोले सो कार्यक्रमको PDF फाइल यसैसाथ संलग्न गरी कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ।

## आयोगको निर्णय

१. मिति २०८१ वैशाख १५ गते हुने उपनिर्वाचनका लागि मतदाताको उमेर अठार वर्ष पुग्ने निर्दिष्ट मिति (Cut-off date) २०८१ वैशाख १४ गतेलाई तोक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,

२. देशभरबाट मिति २०८० फागुन १३ गतेसम्म सङ्कलित मतदाता नामावली दर्ता विवरणमध्ये मिति २०८१ वैशाख १४ गते अठार वर्ष उमेर पुग्ने मतदाताको विवरणलाई अद्यावधिक प्रक्रियामा लैजान संलग्न बमोजिमको "मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०" स्वीकृत गर्ने र उक्त कार्यक्रमको अनुसूची–१ नेपाल राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,

३. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० अन्तर्गत अनुसूची-१ बमोजिम सञ्चालन हुने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि एवम् आवश्यक सुरक्षा, सहयोग, समन्वय र प्रचारप्रसारका लागि गृह मन्त्रालयमार्फत सबै प्रमुख जिल्ला अधिकारीहरूलाई प्रमुख नाम दर्ता अधिकारीसँगको समन्वयमा जिल्लाका राजनीतिक दलहरुसँग बैठक राखी कार्यक्रम सम्बन्धी सूचना सम्प्रेषणको व्यवस्था मिलाउन लेखी पठाउने,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal. Tel: (977-1) 5328663, Fax: (977-1) 5325580

प.सं. च.नं./ Ref: २०८०/०८१ ६८ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

४. अनुसूची-१ बमोजिम सञ्चालन हुने मतदाता नामावली अद्यावधिक सम्बन्धी कार्यक्रममा आवश्यक सहयोग तथा कार्यक्रमको बुँदा नं. ८ मा उल्लेख भएको स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कार्यहरुका विषयमा समन्वयका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा परिपत्र हुन लेखी पठाउने,

५. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० अन्तर्गत अनुसूची-१ बमोजिम सञ्चालन हुने कार्यक्रममा सूचना प्रवाह, सहजीकरण, समन्वय र सहयोगको लागि संघीय संसद, प्रदेश सभा र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई लेखी पठाउने,

६. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० का लागि आवश्यक पर्ने बजेट रू.१९,६४,०००/- (अक्षेरुपी रुपियाँ उन्नाइस लाख चौसट्ठी हजार मात्र) उपनिर्वाचन प्रयोजनका लागि आयोगबाट प्राप्त हुने बजेटबाट खर्च गर्ने व्यवस्था मिलाउने,

७. उपर्युक्त निर्णयहरु कार्यान्वयन गर्ने व्यवस्था आयोगको सचिवालयले मिलाउने।

२०८०।११।१६

शकुन्तला राई
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ:

श्री आर्थिक प्रशासन शाखा,

श्री ऐन, नियम तथा फैसला कार्यान्वयन शाखा:- आयोगको निर्णय बमोजिम राजपत्रमा प्रकाशनको व्यवस्था हुन।

श्री सूचना प्रविधि शाखा,

श्री निर्वाचन शिक्षा तथा तालिम शाखा:- मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन सम्बन्धी सूचना प्रकाशन तथा प्रसारणको व्यवस्था हुन।